नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय

(................................शाखा)

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :

च.नं. :

मिति : ..............................

## प्रेस विज्ञप्ति

आज मिति २०७३।०४।२४ गतेका दिन सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल (प्रचण्ड)ज्यूले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालयका कर्मचारीहरुलाई विभिन्न निर्देशनहरु दिनु भएको छ । सो अवसरमा सम्माननीय प्रधानन्त्रीज्यूले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय एकिकृत केन्द्रीय समन्वय गर्ने निकाय भएको तथा यस निकायबाट हुने कामको प्रभाव अन्य सबै कार्यालयहरुमा समेत पर्ने हुँदा यहाँबाट हुने क्रियाकलापहरु प्रभावकारी र उदाहरणीय हुनुपर्ने भन्दै संविधानको कार्यान्वयन, राष्ट्रिय एकताको प्रवर्द्धन, भूकम्प प्रभावितहरुको व्यवस्थापन र संघीयताको कार्यान्वयन जस्ता महत्वपूर्ण कार्यहरु सम्पादन गरी मुलुकलाई संवृद्धि तर्फ लैजानका लागि समय निकै कम भएकोले अहोरात्र खटिएर लगनशीलताका साथ काम गर्न निर्देशन दिनु भयो ।

उक्त अवसरमा मुख्यसचिव डा. सोमलाल सुवेदीज्यूले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालयको संगठनात्मक संरचना, कार्य प्रकृति, भइरहेको काम कारवाहीहरुको विवरण, काम गर्दा आइ परेका कठीनाईहरुका साथै चुनौतीहरुको सामाना गर्न गरिएका प्रयासहरुलाई सम्माननीय प्रधानमन्त्रीज्यू समक्ष प्रस्तुत गर्नु भएको थियो । सो अवसरमा कार्यालयका सबै कर्मचारीहरुको सहभागिता रहेको थियो ।

२०७३ साउन २४ गते

२०७३।०४।२४

..............................
विनोद वहादुर कुँवर
प्रवक्ता/सहसचिव

टेलिफोन : ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०७३, ४२११०३८
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०२६, ४२११०२०, ४२११०४२, ४२१११०७ पो.ब.नं. : २३३१२, काठमाडौं, नेपाल
ई-मेल : info@nepal.gov.np
वेब साइट : http://www.opmcm.gov.np